# छत्रदेव गाउँपालिकाको साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि, २०८१

**प्रस्तावनाः**

निजी तथा गैर सरकारी क्षेत्रसँगको साझेदारीको माध्यमबाट शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, लघु उद्यम, पशु विकास, रोजगारी, आयआर्जनको अवसर, पूर्वाधार निर्माण, विपद व्यवस्थापन तथा जलवायु परिवर्तन, खानेपानी तथा सरसफाई, वन तथा वातावरण संरक्षण, संस्थागत विकास तथा सुशासन, सहकारी संस्थाहरुको सबलीकरण तथा स्थानीय उत्पादनको बजारीकरणलगायतका कार्यक्रम मार्फत जीवनस्तरमा सुधार गरी गरिबी निवारण गर्ने उद्देश्यले सरकारी वा गैरसरकारी संघ संस्था वा निजी क्षेत्र र गाउँपालिकाबिच अल्पकालीन वा दीर्घकालीन योजनाहरु सञ्चालन गर्न छत्रदेव गाउँपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी सो ऐनको दफा २५ र २६ को व्यवस्था कार्यान्वयन गर्न यो कार्यविधि तयार गरी लागु गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ**

(क) यस कार्यविधिको नाम "छत्रदेव गाउँपालिकाको साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि, २०८१" रहेको छ ।

(ख) यो कार्यविधि छत्रदेव गाउँपालिकाको क्षेत्रभर लागु हुनेछ ।

(ग) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस कार्यविधिमाः

क) "कार्यविधि" भन्नाले छत्रदेव गाउँपालिकाको साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ लाई सम्झनु पर्छ ।

ख) "कार्यक्रम" वार्षिक स्वीकृत योजनाबमोजिम सञ्चालन गरिने कार्यक्रम सम्झनुपर्छ ।

ग) "अनुदान" भन्नाले उत्पादन, प्रशोधन, मूल्य श्रृङ्खला, बजारीकरण, पूर्वाधार निर्माण, यान्त्रिकीकरण, विविधीकरण, व्यावसायीकरण, आधुनिकीकरण, औद्योगीकरण तथा गरिबी निवारणसमेतका लागि छनोट भएका अनुदानग्राहीलाई प्रदान गरिने आ.र्थिक, वस्तुगत सहायता, पूर्वाधार विकास वा उपलब्ध गराइने सामग्री र उपकरण सम्झनुपर्दछ ।

घ) "अनुदानग्राही" भन्नाले यस कार्यविधि अनुरुप छनोट भएर अनुदानसँग सम्बन्धित कुनै पनि सेवा सुविधा प्राप्त गर्ने लाभग्राही बुझिन्छ ।

## परिच्छेद २
## साझेदारी कार्यक्रमका क्षेत्र

**३. साझेदारीमा कार्यक्रम सञ्चालन हुने क्षेत्र देहायअनुसार हुनेछन्:-**

क) शिक्षा

ख) स्वास्थ्य

ग) कृषि

घ) पशु विकास

ङ) भौतिक पूर्वाधार

च) विपद व्यवस्थापन तथा जलवायु परिवर्तन

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

छ) खानेपानी तथा सरसफाई

ज) रोजगारी तथा स्वरोजगार सिर्जना

झ) सामाजिक संरक्षण, पुनःस्थापना र सचेतना

ञ) वन तथा वातावरण संरक्षण

ट) संस्थागत विकास तथा सुशासन

ठ) सहकारी संस्थाहरुको सबलीकरण

ढ) स्थानीय उत्पादनको सङ्कलन, प्रशोधन तथा बजारीकरण

ण) पर्यटन

त) गाउँपालिकाले आवश्यक ठानी निर्णय गरेको अन्य क्षेत्र।

## परिच्छेद ३
## साझेदार छनोट प्रक्रिया

**४. साझेदार छनोट प्रक्रिया देहायबमोजिम हुनेछन्:–**

१. साझेदारीका लागि छनोट गरिएका कार्यक्रम वा योजनाको छनोट गरी गाउँकार्यपालिकाबाट स्वीकृत गर्नुपर्नेछ।

२. खुला रुपमा अनुसूची १ बमोजिमको आशयपत्र माग गरी संक्षिप्त सूची तयार गर्नु पर्ने।

३ . दश लाख भन्दा बढी लागत अनुमान भएको साझेदारी कार्यक्रम गर्नु परेमा आशयपत्रदाताबिच प्रतिस्पर्धा गराई आशयपत्र माग गर्नुपर्नेछ। सो सम्बन्धी आशयपत्र सङ्कलन गर्न कम्तीमा १५ दिनको अवधि दिइ राष्ट्रियस्तरको समाचार पत्रमा सूचना प्रकाशन गर्नुपर्नेछ।

४. दुई वा दुई भन्दा बढी व्यक्ति, फर्म, कम्पनी वा संघसंस्थाले समूह, सङ्गठन वा संयुक्त उपक्रमको रुपमा आशयपत्र दाखिला गर्न सक्नेछन्। तर यसरी संयुक्त उपक्रम कायम गर्दा दोहोरो पर्ने गरी संयुक्त उपक्रम गर्न सकिने छैन।

५. प्रथम पटकको सूचनाबमोजिम आशयपत्रदाताको छनोट गर्दा कम्तीमा ३ वटा आशयपत्रदाता छनोट हुन नसकेमा गाउँपालिकाले पुनः राष्ट्रियस्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी १५ दिनको अवधि दिइ आशयपत्र माग गर्नुपर्नेछ।

६. दोस्रो पटक सूचना प्रकाशन गर्दा पनि कम्तीमा तीनवटा आशयपत्र छनोट हुन नसकेको खण्डमा भएका जति आशयपत्रदाताको मात्र सूची कायम गर्न सकिनेछ।

७. आशयपत्रदाताले खुलाउनु पर्ने विवरण:

क.व्यक्ति, फर्म, कम्पनी तथा संघसंस्थाको विवरण, सङ्गठन

ख. विगत तीन वर्षमा काम गरेको समान प्रकृतिको काम र स्थानको विवरण। व्यक्तिगत आशयपत्रदाताको हकमा विगत तीन वर्षमा समपन्न गरेको समान प्रकृतिको कामको विवरण।

ग. प्रस्तावित कार्यमा संलग्न हुने प्रमुख जनशक्तिको वैयक्तिक विवरण।

**५. छनोटका आधारहरु देहायबमोजिम हुनेछन्।**

१.आशयपत्रदाताले पेस गर्ने संस्थाको दर्ता, नवीकरण, करचुक्ता, कार्यानुभव पत्र, विगत तीन वर्षको लेखापरीक्षण प्रतिवेदन, नियमनकारी निकायको अनुमति पत्र (अनुमतिपत्र लिनुपर्नेको हकमा), आशयपत्रका साथ पेस गरेको हुनु पर्नेछ।

२. आशयपत्रमा उल्लेख गरिएको कार्यक्रमको विषयगत क्षेत्रमा कम्तीमा दुई वर्षको कार्य अनुभव भएको हुनुपर्नेछ।

३. साझेदारीका लागि आवश्यक बजेटको स्रोत खुलाएको वा व्यवस्था गर्न सक्ने प्रतिबद्धता पत्र पेस गरेको हुनु पर्नेछ।

४. आशयपत्रसहितको निवेदन अनुसूची २ बमोजिमको ढाँचामा बुझाउनु पर्नेछ।

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

६. प्रस्ताव माग गर्ने:

दफा ४(६) बमोजिम संक्षिप्त सूची तयार भएपछि गाउँपालिकाले सो संक्षिप्त सूचीमा परेका आशयपत्रदाताहरुलाई प्रस्ताव सम्बन्धी कागजात अनुसूची ३ बमोजिम पठाइ कम्तीमा ३० दिनको समय दिइ निजहरुबाट प्रस्ताव माग गर्नु पर्नेछ । तर विशेष परिस्थिति सिर्जना भएमा १५ दिनको समय दिइ प्रस्ताव माग गर्न बाधा पर्ने छैन । प्रस्ताव सम्बन्धी कागजातमा देहायका कुराहरु उल्लेख गर्नुपर्नेछ:

क. साझेदारी कार्यक्रमको प्रकृति, अनुमानित लागत, अवधि, स्थान, सम्पन्न गर्नुपर्ने कार्य र अपेक्षित परिणाम ।

ख. प्राविधिक तथा आर्थिक मूल्याङ्कन भार,

ग. प्रस्ताव पेस गर्नुपर्ने स्थान, मिति र समय

घ. तोकिएबमोजिमका अन्य कुराहरु

**७. गाउँपालिकाको मूल्याङ्कन समितिले दफा १२ र १३ बमोजिम प्राविधिक तथा आर्थिक प्रस्तावका लागि छुट्टाइएको अङ्क भारका आधारमा सबै भन्दा बढी अङ्क प्राप्त गर्ने प्रस्ताव दातालाई छनोट गर्नेछ ।**

८. प्रस्ताव खोल्ने तरिका:

१. गाउँपालिका दफा ७ बमोजिम प्राप्त साझेदारीको प्रस्ताव खोल्दा प्रस्तावदाता वा निजको प्रतिनिधिको रोहबरमा खोल्नु पर्नेछ । तर प्रस्तावदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले प्रस्ताव खोल्न बाधा पर्ने छैन् ।

२. उपदफा १. बमोजिम प्रस्ताव खोल्दा गाउँपालिकाले रित पूर्वक दर्ता भएका प्रस्तावको बाहिरि खाम खोली सो खामसंगै रहेको प्राविधिक प्रस्तावको देहायका कुरा बढेर सुनाई सो को मुचुल्का तयार गर्नुपर्नेछ:

क) प्रस्तावदाताको नाम र ठेगाना

ख) प्रस्तावमा प्रस्तावदाताको हस्ताक्षर भए नभएको,

ग) प्रस्ताव सम्बन्धी कागजातमा सच्चाइएको वा केरमेट गरिएकोमा प्रस्तावदाता वा निजको प्रतिनिधिले हस्ताक्षर गने नगरेको,

घ) गाउँपालिकाले उपयुक्त ठानेका अन्य कुराहरु ।

३. मूल्याङ्कन समितिले आर्थिक प्रस्तावको खाम खोल्दा प्राविधिक प्रस्तावमा प्राप्त उच्चतम अङ्कको क्रममा खोली उपदफा २ बमोजिमको विवरण प्राविधिक प्रस्तावमा प्राप्त गरेको अङ्क र प्रस्तावित सेवा शुल्कसमेत सो को मुचुल्का तयार गर्नुपर्नेछ ।

४. उपदफा २ र ३ बमोजिमको मुचुल्कामा गाउँपालिकाले उपस्थित प्रस्तावदाता वा निजको प्रतिनिधिको दस्तखत गराउनुपर्नेछ ।

९. प्रस्तावहरुको मूल्याङ्कन:

१. आशयपत्र तथा प्रस्तावहरुको सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४७ बमोजिम गाउँपालिकामा गठित मूल्याङ्कन समितिले मूल्याङ्कन गरी छनोटका लागि सिफारिस गर्नेछ ।

२. मूल्याङ्कन समितिले अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतको पूर्व स्वीकृति लिइ सरकारी वा गैर सरकारी क्षेत्रको विशेषज्ञलाई आफ्नो बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

१०. प्रस्तावहरुको मूल्याङ्कन:

१. कुल अङ्क भार १०० मध्ये प्राविधिक प्रस्तावको अङ्क भार ७० तथा आर्थिक प्रस्तावको अङ्क भार ३० हुनेछ । प्राविधिक र आर्थिक प्रस्तावको संयुक्त मूल्याङ्कन गरी सबै भन्दा बढी अङ्क प्राप्त गर्ने प्रस्तावदाताको प्रस्ताव छनोट गर्नुपर्नेछ ।

११. प्राविधिक प्रस्तावको मूल्याङ्कन:

१.

| क्र.स. | मूल्याङ्कनका आधारहरु | अङ्क भार | |
|---|---|---|---|

प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| | प्रस्तावदातको कार्य अनुभव | २५ प्रतिशत | |
| २ | कार्य सम्पादन गर्ने प्रस्तावित तरिका र कार्यक्षेत्रगत सर्त प्रतिको प्रभावग्राहिता | २५ प्रतिशत | |
| ३ | प्रस्तावित मुख्य जनशक्तिको योग्यता | ३० प्रतिशत | |
| ४ | ज्ञान तथा प्रविधि हस्तान्तरण वा तालिम | २० प्रतिशत | |

२. उपदफा १ मा उल्लिखित आधारहरुलाई दफा ३ मा उल्लिखित साझेदारी कार्यक्रमका क्षेत्र अनुसार विभिन्न उप – आधारमा विभाजन गरी सो वापतको अङ्कसमेत निर्धारण गर्नुपर्नेछ।

३. उपदफा १ बमोजिम अङ्क भार उल्लेख गर्दा उत्तीर्णाङ्कसमेत उल्लेख गर्नुपर्नेछ।

४. गाउँपालिकाले यथासिघ्र प्राविधिक प्रस्तावहरुको मूल्याङ्कन गरी सो को सूचना प्रस्तावदातालाई दिनुपर्नेछ।

५. गाउँपालिकाको मूल्याङ्कन समितिले उपदफा ३ बमोजिमको उत्तीर्णाङ्क प्रस्तावदाताहरुको सुची तयार गरी आर्थिक प्रस्ताव खोल्ने मिति, समय र स्थानको जानकारी गराउनुपर्नेछ।

६. उपदफा ५ बमोजिमको सुचीमा समावेश हुन नसकेका प्रस्तावदाताहरुको आर्थिक प्रस्ताव नखोली सम्बन्धित प्रस्तावदाताहरुलाई फिर्ता गर्नुपर्नेछ।

१२. आर्थिक प्रस्तावको मुल्याङ्कन:

१. प्रस्ताव सम्बन्धी कागजातमा अन्यथा उल्लेख गरिएकोमा बाहेक आर्थिक प्रस्तावको मूल्याङ्कन प्रयोजनका लागि सो प्रस्तावमा उल्लिखित साझेदारले बेहोर्ने कुल रकम प्रतिशत, परियोजना सञ्चालन खर्च तथा कार्यक्रम खर्चसमेतको आधारमा गरिनेछ।

२. प्रस्तावदाताको आर्थिक प्रस्तावको मूल्याङ्कन गर्दा प्रस्तावमा कुनै अङ्कमा गणितीय त्रुटी पाइएमा गाउँपालिकाले त्यस्तो त्रुटी सच्चाउन सक्ने र त्यसरी त्रुटी सच्याउदा एकाइ दर र कुल रकममा भिन्नता भएमा एकाइ दर मान्य हुनेछ र सोही दरबमोजिम कुल रकम सच्चाउन पर्नेछ।

३. प्रस्तावदाताको अङ्क र अक्षरमा लेखिएको रकम फरक परेमा अक्षरमा लेखिएको रकम मान्य हुनेछ।

४. उपदफा १, २ र ३ बमोजिमको मूल्याङ्कन पछि सबै प्रस्तावदाताको कायम हुन आएको कबोल अङ्कको सुची तयार गर्नुपर्नेछ।

## परिच्छेद ४
## कार्यक्रम सञ्चालन तथा व्यवस्थापन

१३. साझेदारी कार्यक्रम सञ्चालन, व्यवस्थापन, अनुगमन र सहजीकरणका लागि देहायबमोजिमको कार्यक्रम अनुगमन तथा समन्वय समिति रहनेछः–

क) गाउँपालिका अध्यक्ष – संयोजक

ख) गाउँपालिकाको उपाध्यक्ष – सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

घ) कार्यक्रम सञ्चालन हुने वडाहरुका वडा अध्यक्ष– सदस्य

ङ) साझेदारको प्रतिनिधि २ जना– सदस्य

च) योजना शाखा प्रमुख – सदस्य

छ) लेखा शाखा प्रमुख – सदस्य

प्रमुख प्रशासकीय अधिकृत

ञ) सम्बन्धित विषयको विषयगत समितिको अध्यक्ष/संयोजक -सदस्य

झ) सम्बन्धित विषयको शाखा प्रमुख – सदस्य सचिव

१४. कार्यक्रम अनुगमन तथा समन्वय समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन्ः-

क) कार्यक्रम सञ्चालनको विधि र रुपरेखा निर्धारण गर्ने ।

ख) कार्यक्रमको अनुगमन, मूल्यांङ्कन र नियमित समीक्षा गर्ने ।

ग) कार्यक्रम मूल्यांङ्कनको आधारमा साझेदारलाई सम्झौता अनुरुपको बजेटको चौमासिक भुक्तानीका लागि सिफारिस गर्ने ।

घ) कार्यक्रम सञ्चालनका लागि आवश्यक व्यवस्थापकीय काम एवम समन्वय र सहजीकरण गर्ने ।

ङ) कार्यक्रमको कार्यान्वयन साझेदार वा तेस्रो पक्ष कसले गर्ने हो ? सोको निर्धारण गर्ने ।

च) साझेदारी कार्यक्रम सञ्चालन सम्बन्धी अन्य आवश्यक निर्णयहरु गर्ने ।

१५. मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकारः मूल्याङ्कन समितिले यस कार्यविधिमा उल्लेख गरिएको मापदण्डको आधारमा प्रस्तावना छनोट गरी प्रमुख प्रशासकीय अधिकृत मार्फत निर्णयार्थ कार्यपालिकामा पेस गर्नु पर्नेछ ।

१६. साझेदारीमा सञ्चालित कार्यक्रमको कार्यान्वयन ढाँचा देहायबमोजिमको हुनेछ:

१. कार्यक्रमले समेट्ने लाभग्राहीलाई समूहमा आबद्ध गराइ सङ्गठित रुपमा स्रोत व्यवस्थापन गर्न सकिनेछ ।

२. कार्यक्रमको प्रारम्भिक चरणमा सेवा पाएका लाभग्राहीहरुले आफुले पाएको सेवासुविधा बराबरको सामग्री अन्य लाभग्राहीहरुलाई प्रदान गर्नका लागि उप-समूहहरु बनाइ अगाडि बढ्न सकिनेछ ।

३. लाभग्राहीहरु आबद्ध विभिन्न तहका समूहहरुलाई वैधानिक रुपमा संस्थागत गरी सहकारीहरु स्थापना गर्न सकिनेछ ।

४. साझेदारले कार्यक्रम कार्यान्वयनको क्रममा लाभग्राहीहरुलाई विभिन्न किसिमका औपचारिक तथा अनौपचारिक तालिम तथा अभिमुखीकरणहरुको व्यवस्था गर्न सक्नेछ ।

५. लाभग्राही समूहहरुले कार्यक्रम मार्फत अनुदान स्वरुप रकम तथा भौतिक सामग्री प्राप्त गर्न सक्नेछन् ।

६. कार्यक्रमको साझेदार छनोट भए पश्चात दुवै पक्षबिच आपसी छलफल गरी अनुगमन तथा समन्वय समितिको बैठकले आवश्यकता अनुसार विस्तृत योजना तथा बजेट निर्धारण गर्नेछ ।

७. साझेदारीको साझेदारी हिस्सा न्यूनतम २० प्रतिशत रहनेछ । नगद हिस्सा साझेदारले सञ्चालन गर्ने बैङ्क खातामा जम्मा गरेर परिचालन गर्नुपर्नेछ । गाउँपालिकाको साझेदारी हिस्सा पनि सोही बैङ्क खाता मार्फत परिचालन गरिनेछ ।

८. गाउँपालिकाको साझेदारी हिस्साको बजेट चौमासिक रुपमा तीन किस्तामा कार्यक्रम अनुगमन तथा समन्वय समितिको सिफारिसमा साझेदारको बैङ्क खातामा पेश्की स्वरुप उपलब्ध गराइनेछ । जस अन्तर्गत पहिलो किस्ता कुल रकमको २५ प्रतिशत, दोस्रो किस्ता ५० प्रतिशत र तेस्रो किस्ता २५ प्रतिशत सम्म पेश्की प्रदान गर्न सकिनेछ । कुनै विशिष्ट कारणवश स्वीकृत किस्ता अन्तर्गतको रकम निकासा नभएमा गाउँपालिकाले आगामी किस्तामा थप गरी निकासा गर्न सक्नेछ । साझेदारीको समयावधि पहिलो आर्थिक वर्षमा ६ महिना भन्दा कम भएमा पेश्की एकै किस्तामा निकासा गर्न सकिनेछ ।

९. गाउँपालिका तर्फको बजेट शीर्षकबाट खर्च गर्दा यस ऐन तथा कार्यविधिमा तोकिएमा सोबमोजिम र अन्यमा सार्वजनिक खरिद ऐन तथा नियमावलीको पालना गर्नुपर्नेछ ।

१०.साझेदारी रकमको लेखाङ्कनको सम्पूर्ण जिम्मेवारी साझेदारको हुनेछ ।

११. तोकिएका क्रियाकलापहरू सम्पन्न भएपछि प्रगति प्रतिवेदन, बिल, भरपाईका आधारमा पेश्की फछर्यौट गरी आगामी चौमासिक बजेट निकासाका लागि साझेदारले पेश्की माग गर्नुपर्नेछ । साझेदारले आफ्नो तर्फको लागत खर्चको बिल भपाईको एक

प्रमुख प्रशासकीय अधिकृ

CamScanner

प्रतिसमेत गाउँपालिकाको कार्यलयमा बुझाउनु पर्ने हुन्छ। चालु आर्थिक वर्षको बिचमा बजेट संशोधन गर्न आवश्यक परेको खण्डमा अनुगमन तथा समन्वय समितिले बैठक बसी परिमार्जन वा संशोधन गर्न सक्नेछ।

१२. मूल्य अभिवृद्धि कर सम्बन्धमा: मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ५ को उपदफा ३ संग सम्बन्धित समुह: १ का आधारभूत कृषि उत्पादनहरु, समूह: ३ का जीवजन्तु तथा सो को उपज, समूह:४ का कृषि सामग्रीहरु तथा पशु औषधी जस्ता वस्तुहरुमा मूल्य अभिवृद्धि कर नलाग्ने उल्लेख गरिएको छ। गाउँपालिका तर्फ भुक्तानी रकम लक्षित परिवारहरुको वार्षिक आम्दानीमा वृद्धि गरी जीविकोपार्जनमा सुधार गर्ने उद्देश्य र उक्त भुक्तानी अनुदान सरह रही उक्त कारोवार वस्तु तथा सेवाको कारोवार नहुने र साझेदारले खर्चको सक्कल बिल नै पेस गर्नुपर्ने भएको हुँदा बिल बिजक जारी गर्न आवश्यक पर्दैन। साथै कुनै प्रकारको प्रतिफल वा व्यापारिक प्रयोजन नराखी गैर नाफामुलक साझेदारीमा आउने तथा भ्याटजन्य वस्तु वा सेवाको कारोवारसमेत गर्ने साझेदारको हकमा मु.अ.क. आकर्षित हुने छैन्।

१३. भुक्तानी कर कट्टी सम्बन्धमा: आयकर निर्देशिका , २०६६ को परिच्छेद १६ (भुक्तानीमा कर कट्टी) को १६.२.४ अनुसार कर छुट भएको गैर सरकारी संस्था, अन्तराष्ट्रिय गैर सरकारी संस्था, कुनै नियोग , कार्यालय वा अन्य कुनै संस्थाले आफुलाई कुनै प्रतिफल प्राप्त नहुने कार्यका लागि स्थानीय रुपमा दिएको अनुदान (local subsidy),वा अन्य कुनै सम्झौता गरी रकम भुक्तानी गर्दा भुक्तानी कर्ताको तर्फबाट हुने खर्चको बिल, भौचर र खर्चको प्रमाण पेस गरेपछि सोधभर्ना गर्ने वा हिसाव फछर्यौट गर्ने रकमको हकमा यस्तो रकम भुक्तानी प्राप्त गर्ने संस्था वा व्यक्तिको आम्दानी हुने नभइ भुक्तानी कर्ताको तर्फबाट हुने खर्च भएकोले यस्तो भुक्तानीमा अग्रिम कर कट्टी गर्नुपदैन्। तर खर्चको सोधभर्ना गर्दा वा हिसाव फछर्यौट गर्दा सम्झौता गर्ने अर्को पक्षले आयकर ऐन, २०५८ बमोजिम कर कट्टी गर्नुपर्ने भुक्तानी गरे नगरेको र गरेको भए सो भुक्तानीमा कर कट्टी गरे नगरेको यकिन गर्नुपर्दछ। साथै कर कट्टी गरेको भए कर कट्टी गरेको रकम राजस्वमा दाखिला गरेको निस्सा पेस गराउने, कर कट्टी नगरेको भए कट्टी गरी राजस्वमा दाखिला गराउन पर्नेछ।

१४. बहुबर्षीय कार्यक्रमको हकमा गाउँपालिकाको तर्फबाट विनियोजन हुने बजेट सोही आर्थिक वर्षमा खर्च नभएको खण्डमा बाँकी रकम कार्यपालिकाको स्वीकृतिमा आगामी आर्थिक वर्षमा समायोजन गरेर साझेदारले खर्च गर्न सक्नेछ।

१५. अनुदान उपलब्ध गराउने हकमा: गाउँपालिकाको स्वीकृत कार्यक्रमबमोजिम कार्यक्रमहरुको उद्देश्य अनुरुप आवश्यकता निर्धारण गरि कार्यक्रम सञ्चालित क्षेत्रका लाभग्राहीहरुका लागि अनुदान उपलब्ध गराउन सक्नेछ।

१) अनुदानको प्रकार र सीमा कार्यक्रम अनुगमन तथा समन्वय समितिले निर्धारण गर्नेछ।

२) अनुदानको रुपमा लाभग्राहीहरुलाई भौतिक सामग्री वा रकम उपलब्ध गराउन सकिनेछ।

३) अनुगमन तथा समन्वय समितिले गाउँपालिकासँग भएको तथ्याङ्कको आधारमा वास्तविक आवश्यकता पहिचान गरी भौतिक तथा नगद अनुदान प्रदान गर्नका लागि लाभग्राही छनोट गर्नेछ।

१६. अनुदान सामग्री वितरण प्रक्रिया:

१. अनुदान प्रक्रियालाई पारदर्शी बनाउनका लागि लाभग्राहीहरुको समिति गठन गरी उक्त समितिबाट अनुदान वितरण गर्न सकिनेछ।

२. भौतिक सामग्री वितरण प्रक्रिया विषयगत शाखाका कर्मचारी वा वडा कार्यलयका प्रतिनिधिको रोहबरमा गरिनेछ।

३. नगद अनुदान दिइने हकमा अनुदानग्राहीसँग भएको सम्झौता वा अनुदानको मापदण्डमा उल्लेख गरिए अनुसारको आफ्नो हिस्साको कार्य सम्पन्न गरेपछि साझेदारले अनुदान तर्फको रकम भुक्तानी गर्न सक्नेछ।

४. भौतिक तथा नगद अनुदान दुवैको हकमा साझेदार संस्थाले सम्पूर्ण प्रक्रियाको अभिलेखीकरण राख्नुपर्नेछ।

५. वितरण गर्नु पर्ने भौतिक सामग्री विशेष प्रकृतिका भएका कारण सहज रुपमा उपलब्ध हुन नसकेको खण्डमा, धेरै सङ्ख्यामा गुणस्तरीय वस्तु उपलब्ध हुन नसकेमा तथा भू–परिवेशको भिन्नताको कारण एक स्थानबाट अर्को स्थानसम्म लैजान उपयुक्त नहुने वस्तुको हकमा तोकिएका प्राविधिक मापदण्ड पूरा गरी लाभग्राहीहरुको समिति गठन गरी कार्यालयको खरीद समितिको रोहबरमा

प्रमुख प्रशासकीय अधि

CamScanner

ना किसानहरुबाट सोझै खरिद तथा वितरण गर्न सकिने छ । सो अवस्थामा साझेदार संस्थाले गुणस्तरको सुनिश्चितता गरी तोकिएको अनुदान रकम उपलब्ध गराउनुपर्नेछ ।

## परिच्छेद ५

## सम्झौता, प्रतिवेदन, अनुगमन तथा मूल्याङ्कन

१७. सम्झौता: साझेदारी कार्यक्रमको सम्झौता कार्यक्रम अनुगमन तथा समन्वय समितिको सिफारिसमा कार्यपालिकाको निर्णय बमोजिम ७ दिनभित्र कार्यपालिका सदस्यहरुको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतले अनुसूची ६ बमोजिमको ढाँचामा गर्नु पर्नेछ ।

१८. प्रतिवेदन: साझेदारी कार्यक्रम कार्यान्वयनको चौमासिक र वार्षिक प्रतिवेदन अनुसूची ७ बमोजिमको ढाँचामा पेस गर्नुपर्नेछ ।

१९. अनुगमन तथा मूल्याङ्कन: कार्यक्रम अनुगमन तथा समन्वय समितिले कम्तीमा चौमासिक रुपमा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्नु पर्नेछ ।

## परिच्छेद ६

## विविध

२०. लेखापरीक्षण:

१.साझेदारी कार्यक्रमको प्रचलित कानुनबमोजिम आन्तरिक लेखा परीक्षण गराइ आर्थिक वर्ष समाप्त भएपछि अन्तिम लेखापरीक्षण गराउनु पर्नेछ ।

२. साझेदारले आफ्नो तर्फको लागत खर्चको वार्षिक लेखापरीक्षण प्रत्येक आ.व. को समापनपछि नेपालको कानुनबमोजिम लेखा परीक्षण गर्न योग्य लेखा व्यवसायीबाट गराउनु पर्नेछ । यस्तो लेखा परीक्षणको प्रतिवेदन र वित्तीय विवरणको एक प्रति साझेदारले पालिकामा बुझाउनुपर्नेछ ।

२१. समन्वय: साझेदारी कार्यक्रम व्यवस्थित रुपमा सञ्चालन गर्नका लागि सरोकारवाला नेपाल सरकारका निकाय, प्रदेश सरकारका निकाय र छत्रदेव गाउँपालिका र यस मातहतका वडा कार्यक्रममा कार्यक्रम अनुगमन तथा समन्वय समितिले समन्वय गर्नु पर्नेछ ।

२२. खर्चमा बन्देज: साझेदार पक्षहरुले सम्झौतामा उल्लिखित शीर्षकहरुमा मात्र खर्च गर्नु पर्नेछ । एक शीर्षक बाट अर्कोमा रकमान्तरण गर्दा उक्त शीर्षकमा छुट्याइएको वार्षिक बजेटको १० प्रतिशतसम्म कार्यक्रम अनुगमन तथा समन्वय समितिको पूर्व स्वीकृति लिई मात्र गर्नुपर्नेछ ।

२३. कसुर र सजाय:

१) साझेदारी कार्यक्रमको सम्झौता पश्चात योजना सम्पन्न नगरी छाड्न पाइने छैन । यदि बिचैमा छाडेमा छाड्ने पक्षले उक्त समय सम्मको कार्यजिम्मेबमरी र आर्थिक दायित्व बहन गर्नु पर्नेछ ।

२) कार्यक्रमको सम्झौताबमोजिम काम नगरेमा, समयमा काम पुरा नगरेमा वा गुणस्तरहीन काम गरेमा बाँकी किस्ता रोक्का गरिने छ । यस्तो निर्णय गर्नुपूर्व सम्बन्धित पक्षलाई सफाइ पेस गर्न मौका प्रदान गर्नु पर्नेछ ।

२४. पारदर्शिता: साझेदारी कार्यक्रमको आम्दानी खर्च नियमित रुपमा सार्वजनिक गर्नु पर्नेछ । कार्यक्रम छनोट र कार्यान्वयन गर्दा जनसहभागितामूलक विधिको अवलम्वन गर्नु पर्नेछ ।

२५. उत्तरदायित्व: कार्यक्रम सञ्चालनको उत्तरदायित्व सबै साझेदारहरुले समान रुपमा बहन गर्नु पर्नेछ ।

२६. संशोधन तथा हेरफेर: यस कार्यविधीको कार्यान्वयनलाई व्यवस्थित र प्रभावकारी बनाउन गाँउपालिकाले आवश्यकता अनुसार संशोधन तथा हेरफेर गर्न सक्नेछ ।

प्रशासकीय अधिकृत

CamScanner

२७. बाधा अडकाउ फुकाउन र व्याख्या गर्न सक्ने: गाउँ कार्यपालिकाले यस कार्यविधिमा थपघट, हेरफेर, संशोधन, व्याख्या वा बाधा अड्काउ फुकाउन सक्नेछ ।

२८. प्रचलित कानुन लागु हुने: साझेदारी कार्यक्रम कार्यान्वयनको सम्बन्धमा यस कार्यविधीमा व्यवस्था भएकोमा सोहीबमोजिम र अन्य व्यवस्थाका सम्बन्धमा प्रचलित कानुनबमोजिम हुनेछ । यस सन्दर्भमा द्विविधा उत्पन्न भएमा वा अस्पष्टता भएमा गाँउपालिकाको व्याख्या अन्तिम हुनेछ ।

२९. खारेजी र बचाउ:

प्रमुख प्रशासकीय अधिकृत

CS CamScanner

अनुसूची १

(दफा ४ को उपदफा २,३ को खण्डसँग सम्बन्धित)

आशय पत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति: २०......./....../.....

छत्रदेव गाउँपालिकाले निजी क्षेत्र तथा गैरसरकारी संघ संस्थासँग साझेदारीमा काम गर्ने उद्देश्यले छत्रदेव गाउँपालिकाको साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ बमोजिम आ.व. ......... देखि सालबसाली बहुवर्षीय रुपमा कार्यविधिको परिच्छेद २ मा उल्लिखित साझेदारीको क्षेत्रमा काम गर्न ईच्छुक आवश्यक योग्यता पुगेका निजी क्षेत्र तथा गैरसरकारी क्षेत्रका व्यक्ति वा संस्थाहरुबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र आफ्नो संस्थाको आशय पत्र पेस गर्न आह्वान गरिएको छ। यस सम्बन्धी विस्तृत विवरण गाउँपालिकाको वेभसाइट www.chhatraevmum.gov.np बाट डाउनलोड गर्न वा छत्रदेव गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिने छ। योग्यता नपुगेका र आवश्यक विवरणहरु र कागजात संलग्न नभएको प्रस्ताव उपर कारबाही गर्न गाउँपालिका जवाफदेही हुनेछैन।

...............................

प्रमुख प्रशासकीय अधिकृत

१. कार्यक्रमको विस्तृत विवरण:

२. कार्यक्रम सम्पन्न हुने अवधि:

३. मुख्य कामको विवरण:

४. कार्य अनुपात:

आशयपत्रका साथ सङ्लग्न हुनुपर्ने कागजातहरु:

१. आशयपत्र पेस/ सम्बन्धी निवदेन,

२. संस्थाको दर्ता, नवीकरण, करचुक्ता, स्थायी लेखा नम्बर, विगत तीन वर्षको लेखापरीक्षण प्रतिवदेन, नियमनकारी निकायको अनुमति पत्र (अनुपमतिपत्र लिनुपर्नेको हकमा) लगायतका कागजातहरुको प्रमाणित प्रतिलिपि,

३. साझेदारीका लागि आवश्यक बजेटको स्रोत खुलाएको वा व्यवस्था गर्न सक्ने प्रतिबद्धता पत्र,

४. संयुक्त उपक्रममा कार्यगर्ने संस्थाहरुको हकमा दुवै संस्था बिचको कार्य जिम्मेवारी खुल्ने सम्झौता पत्रको सक्कल प्रति,

५. प्रस्तावना पेस गर्ने संस्थाको अख्तियार प्राप्त ब्यक्तिको नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

६. संस्था कालो सूचीमा नपरेको स्वःघोषणा पत्रको सक्कल प्रति,

७. व्यक्ति, फर्म, कम्पनी तथा संघसंस्थाको विवरण (प्रोफाईल)

८. विगत तीन वर्षमा काम गरेको समान प्रकृतिको काम र सस्थाको विवरण। व्यक्तिगत आशयपत्रदाताको हकमा विगत चार वर्षमा सम्पन्न गरेको समान प्रकृतिको कामको विवरण

९. प्रस्तावित कार्यमा सङ्लग्न हुने प्रमुख जनशक्तिको वैयक्तिक विवरण

आशाय पत्रदाताको आशयपत्र छत्रदेव गाउँपालिकाको साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ को दफा ११, १२ र १३ बमोजिमका आधारमा मूल्याङ्कन गरिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

CS CamScanner

अनुसूची – २

(दफा ५ को उपदफा ४ को खण्ड संग सम्बन्धित)

आशय पत्र निवेदनको ढाँचा

मितिः २०..../...../.....

श्री .................. ज्यू,

छत्रदेव गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

छत्रगञ्ज, अर्घाखाँची ।

विषयः आशय पत्र पेस गरिएको सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा ........ गाउँपालिकाको मिति २०....../......./........ प्रकाशित आशयपत्र आहवानको सूचनाबमोजिम आ.व. ........ देखि ........... सम्म ........ को अवधिमा ................ उद्देश्यका लागि ........... साझेदारी कार्यक्रम कार्यान्वयन गर्न यस ............. संस्थाले आशय पत्र पेस गरेको जानकारी अनुरोध छ ।

निवेदक

आशयपत्रका साथ संलग्न कागजातहरुः

१ .आशयपत्र पेस सम्बन्धी निवदेन,

२. संस्थाको दर्ता, नवीकरण, करचुक्ता, स्थायी लेखा नम्बर, विगत तीन वर्षको लेखापरीक्षण प्रतिवदेन, नियमनकारी निकायको अनुमति पत्र (अनुपमतिपत्र लिनुपर्नेको हकमा) लगायतका कागजातहरुको प्रमाणित प्रतिलिपि,

३. साझेदारीका लागि आवश्यक बजेटको स्रोत खुलाएको वा व्यवस्था गर्न सक्ने प्रतिबद्धता पत्र,

४. संयुक्त उपक्रममा कार्य गर्ने संस्थाहरुको हकमा दवै संस्थाबिचको कार्य ज़िम्मेवारी खुल्ने सम्झौता पत्रको सक्कल प्रति,

५. प्रस्तावना पेस गर्ने संस्थाको अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

६. संस्था कालो सूचीमा नपरेको स्वःघोषणा पत्रको सक्कल प्रति,

७. व्यक्ति, फर्म, कम्पनी तथा संघसंस्थाको विवरण (प्रोफाईल)

८. विगत तीन वर्षमा काम गरेको समान प्रकृतिको काम र सस्थाको विवरण । व्यक्तिगत आशयपत्रदाताको हकमा विगत चार वर्षमा सम्पन्न गरेको समान प्रकृतिको कामको विवरण

९. प्रस्तावित कार्यमा संलग्न हुने प्रमुख जनशक्तिको वैयक्तिक विवरण

फाराम १: संस्थाको बारेमा जानकारीः

| सि.न. | विवरण | विस्तृत जानकारी |
|---|---|---|
| १ | संस्थाको नाम र पत्राचार गर्ने ठेगाना | |
| २ | संस्थाको प्रकार | |
| ३ | सम्पर्क ठेगाना र सम्पर्क व्यक्ति | ठेगानाः |

सम्पर्क व्यक्तिको नामः

प्रमुख प्रशासकीय अधिकृत

सम्पर्क व्यक्तिको पदः

सम्पर्क नम्बरः

इमेल ठेगानाः

४ संस्थाको लक्ष्य र उद्देश्य

५ कार्यगत क्षेत्रहरु

६ संयुक्त उपक्रममा प्रस्ताव गरिएको भए साझेदार संस्थाको नाम

७ दर्ता विवरणः

दार्ता नं.

दर्ता मितिः

दर्ता गर्ने निकायको नामः

पछिल्लो नवीकरण मिति र अवधिः

८ PAN दर्ता नम्बर र मितिः

९ सामज कल्याण परिषदसँगको आबद्ध नम्बर, आबद्धता मिति र नवीकरण मिति

१० कर चुक्ता प्रमाणपत्र

११ पछिल्लो साधारण सभा मिति

१२ पूर्णकालीन कर्मचारी सङ्ख्या

१३ कार्यक्षेत्र विगतका कार्य अनुभवका आधारमा उल्लेख गर्नुहोस

१

२

३

४

१४ संस्थाको लिखित नीति र कार्यविधि

१५ लेखा प्रणाली र लेखा software सम्बन्धी विवरण लेखा प्रणालीको नाम

लेखा software को नामः

१६ सम्पति व्यवस्थापन प्रणाली

फाराम २: संस्थाको बारेमा जानकारीः

| सि.न. | सम्पति वा उपकरण (साझेदारीको क्षेत्रसँग सम्बन्धित | एकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |

फाराम नं. ३: संस्थाको कार्यकारी समितिको संरचनाको विवरणः

प्रमुख प्रशासकीय अधिकृत

| सि.न. | नाम | शैक्षिक योग्यता | पद | कार्यकाल अवधि |
|---|---|---|---|---|
| | | | | |
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |

फाराम नं. ४: संस्थाको कार्यकारी समितिको संरचनाको विवरण: (विगतको विवरण उल्लेख गर्न नपर्ने)

| सि.न. | कर्मचारीको नाम | लिं | शैक्षिक योग्यता | पद | विशेषज्ञताको क्षेत्र अनुभव | कर्मचारीको प्रकार |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |

फाराम नं. ५: विगत तीन वर्षको आर्थिक कारोवार:

| सि.न. | आर्थिक वर्ष | वित्तीय कारोवार रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |

फाराम नं. ६: विगत तीन वर्षको संस्थाको रेकर्ड:

| सि.न. | परियोजनाको नाम | दातृ निकाय | कार्यक्षेत्र | कार्यक्रम सञ्चालन गरेको निकायको ठेगाना | काम गरेको लक्षित समूह | सम्झौता अवधि | सम्झौता रकम | दातृ निकायको सम्बन्धित व्यक्तिको सम्पर्क विवरण |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| १. | | | | | | | | |
| २. | | | | | | | | |
| ३. | | | | | | | | |

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची ३

आशयदाताहरुको छनोट सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति:

छत्रदेव गाउँपालिकाले मिति .......... मा ........ पत्रिकामा प्रकाशित साझेदारीमा तोकिएको क्षेत्रमा सञ्चालन गर्नका लागि तपसिलबमोजिमका आशय पत्रदाताहरुको छनोट गरिएको छ। छनोट भएका आशयदाताहरुलाई तोकिए अनुसार प्राविधिक र वितीय प्रस्ताव पेस गर्नका लागि अनुरोध गरिन्छ।

छनोट भएका आशयदाताहरुको सूची

| सि.नं. | साझेदार संस्थाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| | | | |

यस सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन कार्यालय समय भित्र प्राविधिक तथा आर्थिक प्रस्तावना पेस गर्न अनुरोध छ। प्राविधिक तथा आर्थिक प्रस्तावनाको ढाँचा यस गाउँपालिकाको वेवसाइट वा कार्यालयबाट प्राप्त गर्न सकिनेछ। छनोट भएका आशयदाताको आफ्नो तर्कबाट परियोजनामा लगानी गर्ने आर्थिक तथा प्राविधिक लागतको विस्तृत योजना र रकमको प्रतिबद्धता समेत पेस गर्न अनुरोध छ।

तोकिएको क्षेत्रको कार्यक्रमको लागि कार्य विवरण,

१. पृष्ठभूमि:

निजी तथा गैर सरकारी क्षेत्रसँगको साझेदारीको माध्यमबाट शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, लघु उद्यम, पशु विकास, रोजगारी, आय आर्जनको अवसर, पूर्वाधार निर्माण, विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन, खानेपानी तथा सरसफाई, वन तथा वातावरण संरक्षण, संस्थागत विकास तथा सुशासन, सहकारी संस्थाको सबलीकरण तथा स्थानीय उत्पादनको बजारीकरणलगायतका कार्यक्रम मार्फत जीवनस्तरमा सुधार गरी गरिबी निवारण गर्ने उद्देश्य छत्रदेव गाउँपालिकाको साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ ले दिएको अधिकार क्षेत्रभित्र रहेर कार्यक्रम /परियोजना सञ्चालन गर्न यो कार्यविवरण तयार गरिएको छ।

२. मुख्य उद्देश्य:

यस परियोजनाको मुख्य उद्देश्य छत्रदेव गाउँपालिकाले कृषि तथा पशुविकासको क्षेत्रमा राखेको दीर्घकालीन उद्देश्यमा योगदान गर्नुरहेको छ। यस परियोजनाले प्रत्यक्ष रुपमा परियोजनामा आबद्ध परिवारहरुलाई कृषि उद्यममा संलग्न गराउने, सानाकिसानहरुको वित्तीय पहुँच अभिवृद्धि गर्ने, उनीहरुले उत्पादन गरेका कृषि तथा पशु उपजहरुलाई बजारीकरण गर्न सहजीकरण गर्नेलगायत गतिविधिहरुमार्फत आबद्ध घरधुरीहरुको आयस्तरमा सुधार पुर्यनउने रहेको छ।

परियोजनाले राखेका निर्दिष्ट उद्देश्यहरु निम्न अनुसार रहेकाछन्।

- गरिब र विपन्न परिवारहरु आबद्ध कृषि तथा पशु उद्यमहरुलाई मौसम अनुकुलन, वित्तीय सेवाहरुमा पहुँच तथा बजारसँगको सम्बन्ध विकास गरी व्यवसायिक तथा दिगो नाफामुलक उद्यमको रुपमा सुदृढीकरण गर्नु,
- निजी तथा वित्तिय संस्थाहरुको कृषि क्षेत्रमा हाल गर्दै आएको लगानीमा रुपान्तरणकारी वृद्धि गर्नु, सानाकिसान तथा आपुर्ति श्रृङ्खलामा आवद्ध आपूर्तिकर्ता, व्यापारी तथा निजी क्षेत्रको पहुँच अभिवृद्धि गर्नु, र
- लक्षित आपूर्ति श्रृङ्खलालाई सुदृढ बनाउन सकारात्मक वातावरणको सृजना गर्नु।

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

प्रस्तावित बहुवर्षीय योजना मार्फत सञ्चालन गरिने मुख्य क्रियाकलापहरू निम्न अनुसार रहेका छन्। उक्त क्रियाकलापहरू के कति परिमाणमा सञ्चालन गरिने हो। उक्त क्रियाकलापबाट प्रत्यक्ष तथा अप्रत्यक्ष कति परिवारहरू तथा मुल्य श्रृङ्खलाका पात्रहरू लाभान्वित हुने स्पष्ट उल्लेख गर्नुपर्नेछ।

- कृषि तथा पशु वस्तुको उत्पादनमा आवद्ध सानाकिसानहरू तथा तिनीहरूका सङ्गठनको सामाजिक पुँजी अभिवृद्धि गर्नु,
- बजार मागमा आधारित कृषि तथा पशुउपजहरुको आपूर्ति वृद्धि गर्नु,
- साना किसानहरु संलग्न कृषि तथा पशुवस्तुसँग सम्बन्धित उद्यमलाई नाफामूलक बनाउन मद्दत गर्नु,
- ग्रामीण क्षेत्रमा वित्तीय सेवाको पहुँचमा वृद्धि गर्ने,
- साना किसानहरुको कृषि तथा पशुधन सुरक्षणका लागि बिमामा पहुँच बढाउनु,
- साना किसान तथा आपूर्ति श्रृङ्खलामा आबद्ध व्यक्ति तथा निकायहरुको व्यवसाय सेवामा पहुँच अभिवृद्धि गर्नु,
- साना किसान संस्थाहरुको व्यवसाय तथा बजारीकरण सिप अभिवृद्धि गर्नु,
- कृषि तथा पशुवस्तुहरुको सङ्कलन, प्रशोधन, भण्डारण तथा बजार विकास सम्बन्धी पूर्वाधारहरुको निर्माण तथा पुनस्थापना गर्नु,
- सानाकिसानहरुले उत्पादन गरेका कृषि तथा पशुवस्तुहरुको मूल्य अभिवृद्धिका लागि प्राविधिक सहयोग तथा सहजीकरण गर्नु,
- लक्षित कृषि तथा पशुवस्तुहरुको उत्पादन, संकलन, प्रसोधन तथा बजार विकास सम्बन्धी कार्यमा सरोकारवालाहरुको संलग्नता अभिवृद्धि गर्नु,
- कृषि तथा पशुपालनमा स्थानीय सरकारको योजना, कार्यान्वयन र अनुगमन क्षमता अभिवृद्धि गर्नु।

३. परियोजना कार्यान्वयन प्रबन्ध:

प्रस्तावक संस्थाले परियोजना कार्यान्वयन गर्ने प्रक्रिया स्पष्ट रुपमा उल्लेख गर्नुपर्दछ। परियोजनाले प्रस्तावित लाभग्राहीहरुलाई समेट्ने, उनीहरुलाई परियोजनाबाट लाभान्वित गराउने आदि विषयलगायत कार्यान्वयन अवधारणाको प्रक्रिया उल्लेख गर्नुपर्नेछ। संयुक्त उपक्रममा प्रस्ताव पशे गर्नेको हकमा भने सबै पक्षको जिम्मेवारी तथा भूमिका स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ। यसका साथै परियोजना व्यवस्थापन प्रक्रिया तथा समन्वय गर्ने निकायहरु तथा ति निकायहरुको जिम्मेवारी तथा भूमिका पनि खुलाउनुपर्नेछ।

४. आवश्यक जनशक्ति:

यस परियोजना कार्यान्वय आवश्यक मानव स्रोत तथा कर्मचारी सङ्ख्या (पूर्णकालीन र अल्पकालीन) उनीहरुको व्यवस्थापन तथा परिचालन प्रक्रियाबारे स्पष्ट उल्लेख गर्नुपर्नेछ।

५. प्रस्तावित कार्यक्षेत्र र लाभान्वित परिवार:

यस परियोजना गाउँपालिकाका सबै वा तोकिएका वडाहरुमा सञ्चालन गरिने छ। प्रत्यक्ष / अप्रत्यक्ष रुपमा यस परियोजनाबाट लाभान्वित घरधुरीहरु ..... हुनेछन्। यस बाहेक परियोजनाले युवाहरुलाई युवा लक्षित कार्यक्रम मार्फत समेट्नेछ।

६. परियोजनाको अवधि:

यस परियोजनाको समयावधि .......... वर्ष ........... महिनाको हुनेछ। परियोजना सुरु हुने मिति ............. रहनेछ।

७. परियोजनाको कुल लागत:

प्रस्तावित बहुवर्षीय परियोजनाका लागि यस गाउँपालिकाले पहिलो वर्ष रु ............ विनियोजन गर्नेछ भने परियोजनाको कुल लागत .............. हुनेछ। यस बाहेक प्रस्तावक संस्थाको लागत साझेदारी मार्फत प्रस्ताव गर्ने रकम समेत खुलाउनुपर्नेछ।

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

८. अपेक्षित परिणाम:

यस परियोजनाले लक्षित सानाकिसानहरुको जीविकोपार्जनमा सुधार ल्याउनुका साथै निम्न विषय क्षेत्रमा परिमाणात्मक तथा गुणात्मक सुधार ल्याएको हुनुपर्नेछ ।

- सामाजिक पुँजीको अभिवृद्धि
- कृषि तथा पशुवस्तुको उत्पादन, उत्पादकत्व अभिवृद्धि,
- कृषि तथा पशुवस्तुको मूल्य सृङ्खला सम्बन्धी उद्यमशीलता विकास,
- कृषि तथा पशुवस्तुको विषयगत क्षेत्रको विकास,
- कृषि तथा पशुवस्तुको बाह्य बजारमा बिक्री वितरणमा वृद्धि

अनुरुची ४

साझेदारीमा कार्यक्रम सञ्चालन गर्न इच्छुक निजी क्षेत्र / गैर सरकारी संघ संस्थाका लागि प्राविधिक प्रस्तावको ढाँचा

१. परियोजनाको नाम

२. पृष्ठभूमि (प्रस्तावनाको सारसंक्षेप, वर्तमान अवस्था, आवश्यकता र औचित्य)

३. प्रस्तावित कार्यक्षेत्र र लाभान्वित परिवार

४. परियोजनाको लक्ष्य र उद्देश्य

५. अपेक्षित उपलब्धी र प्रभाव (अल्पकालीन र दीर्घकालीन)

६. परियोजनाको कार्यान्वयन विधि

७. परियोजनाका क्रियाकलापहरु

८. परियोजनाको व्यवस्थापन

- व्यवस्थापन संरचना
- संस्थागत सहकार्य
- परियोजनाको जनशक्ति र व्यवस्थापन संरचनाको चित्र
- मानवीय संशाधन परिचालन
- परियोजनाको कार्ययोजना

९. प्रतिवेदन

१०. अनुगमन तथा मूल्याङ्कन

११. परियोजनाको पारदर्शिता

१२. परियोजनाको दिगोपना र हस्तान्तरण

प्रमुख प्रशासकीय अधिकृत

CS CamScanner

## अनुसूची ५
## आर्थिक प्रस्तावको ढाँचा

१. साझेदारको कुल लागत रकम । लागत मध्ये नगद प्रतिशत र मानव तथा भौतिक स्रोतको प्रतिशत

२. परियोजना सञ्चालन खर्च (तलब, भत्ता तथा कर्मचारी सुविधा, कार्यालय सञ्चालन र व्यवस्थापन, सम्पत्ति खरिद, मसलन्द,ढुवानी खर्च आदि)

३. कार्यक्रम खर्च (परियोजना क्रियाकलाप कार्यान्वयन खर्च)

४. अन्य

## अनुसूची ६
## साझेदारी कार्यक्रम सम्झौताको ढाँचा

.......साझेदारी कार्यक्रम सञ्चालनका लागि छत्रदेव गाउँपालिका र ..संस्था विचको साझेदारी सम्झौता पत्र

१. परिचयः

२. कार्यक्रमको नाम:

३. सम्झौता अवधि:

४. कार्यक्षेत्रः

५. प्रथम पक्षको जिम्मेवारी:

६. दोस्रो पक्षको जिम्मेवारी:

७. बजेट र वित्तीय कार्यविधि:

७.१ परियोजनाको कुल बजेट:

७.१.१ परियोजनाको बजेटमा प्रथम र द्धितीय पक्षको लागत विवरण सम्वन्धमा:

७.१.२ बजेट रकमान्तर सम्बन्धमा:

७.१.३ परियोजनाको विस्तृत बजेट विवरण:

७.२ बजेट निकासा:

७.२.१ बैङ्क खाता सम्बन्धमाः

७.२.२ पेश्की सम्बन्धमाः

७.२.३ वार्षिक बजेट विनियोजन र निकासा सम्बन्धमाः

७.२.४ अग्रीम कर सम्बन्धमा:

७.२.५ बिल भरपाई सम्बन्धमा:

७.२.६ बिल जारी सम्बन्धमा:

७.२.७ परियोजनाको आर्थिक प्रगति प्रतिवेदन सम्बन्धमा:

७.२.८ पेश्की तालिका विवरण:

७.२.९ स्थानीय साझेदार सम्बन्धमा:

७.२.१० विस्तृत कार्यक्रम र वजेट सम्बन्धमा:

८. लेखा परीक्षण तथा प्रतिवेदन

९. अनुगमन तथा मूल्याङ्कन:

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

९.१ कार्यक्रम अनुगमन तथा समन्वय समितिले

९.२ गाँउपालिका स्तरीय अनुगमन तथा मूल्याङ्कन समितिले

१०. सम्झौता उल्लेख भएका नियमहरु यसैबमोजिम र उल्लेख नभएका नियमहरु प्रचलित कानुनबमोजिम लागु हुनेछन्।

११. सम्झौताको संशोधन तथा खारेजी सम्बन्धी व्यवस्था

१२. परियोजना हस्तान्तरण

१३. विविध

माथि उल्लिखित सर्तका अधीनमा रही मिति ........................... मा दुवै पक्षद्वारा हस्ताक्षर गरियो।

प्रथम पक्षको तर्फबाट

दोस्रो पक्षको तर्फबाट

..............................

साक्षिहरुः ..............................

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची ७

## साझेदारी कार्यक्रमको प्रगति प्रतिवेदनको ढाँचा

- कार्यक्रमको पृष्ठभूमि
- यस परियोजनाले लक्षित सानाकिसानहरुको जीविकोपार्जनमा सुधार ल्याउनुका साथै निम्न विषय क्षेत्रमा परिमाणात्मक तथा
- गुणात्मक सुधार ल्याएको हुनुपर्नेछ।
- सामाजिक पुजीको अभिवृद्धि
- कृषि तथा पशुवस्तुको उत्पादन, उत्पादकत्व अभिवृद्धि,
- कृषि तथा पशुवस्तुको मुल्य श्रृङ्खला सम्बन्धी उद्यमशीलता विकास,
- कृषि तथा पशुवस्तुको विषयगत क्षेत्रको विकास,
- जेस्ता कृषि तथा पशुवस्तुको बाह्य बजारमा बिक्री वितरणमा वृद्धि
- लक्ष्य र उद्देश्य
- कार्यक्षेत्र
- कार्यान्वयन प्रक्रिया
- सम्पन्न क्रियाकलाप
- उपलब्धी (भौतिक तथा वित्तीय)
- सुधारात्मक पक्ष र सिकाइ
- समस्या तथा सवालहरु
- आगामी गतिविधि (संक्षिप्त कार्ययोजनासहित)
- निष्कर्ष

**प्रमाणीकरण मिति २०८१/०६/०७**

**आज्ञाले**
राजन पाण्डे
प्रमुख प्रशासकीय अधिकृत